# सैद्धान्तिक एक निष्कर्ष

— शङ्करमान राजवंशी

तिथिमितिको गणनालाई पंचाङ्ग गणना भन्ने चलन छ । जुन गणना ज्योतिषशास्त्रबाट हुन्छ । वेदचक्षुः किलेदं स्मृतं ज्योतिषं । वेदको आंखा ज्योतिष हो भनी ज्योतिषशास्त्रमा बताएको छ । त्यसकारण ज्योतिषलाई वैदिक कालदेखिको परम्परा भन्नुपर्छ । ज्योतिष तीन मुख्य कालमा विकसित भएको पाउँछौं, ती हुन् वैदिक काल, वेदाङ्गकाल सिद्धान्तकाल । वेदाङ्गकालमा वेदाङ्ग ज्योतिषबाट पंचाङ्ग गणना हुन्थ्यो । जुन वेदाङ्ग ज्योतिष वेद कै अङ्ग हुनाले त्यसलाई वेदाङ्ग ज्योतिष भनेको हो । विस्तार विस्तार ज्योतिषको विकास हुंदै सिद्धान्तकालमा पांच सिद्धान्त देखा पर्दछन् । वराह-मिहिरले पंच सिद्धान्तिका नामले पांच सिद्धान्तको संपादन गरेका छन् । त्यसमा भनेका छन् पौलिश रोमक वाशिष्ठ सौर पैतामहास्तु पन्च सिद्धान्ताः ।

वैदिककाल र वेदाङ्गकालको ज्योतिषज्ञान त्यस समयको दृष्टिले ठूलो भन्नुपर्छ । तर ग्रहहरूको स्पष्ट स्थितिको ज्ञान गराउनका निमित्त भने पर्याप्त छैन । केही ग्रन्थ यी दुईको मध्यवर्तीकालका पनि हुन सक्छन् । कुनै संहिता ग्रन्थमा भए तापनि अहिले उपलब्ध छैनन् । ज्योतिषसिद्धान्त काल र त्यो भन्दा प्राचीन कालको ज्योतिषज्ञानमा पारस्परिक सम्बन्ध अवश्यै हुनु पर्छ भन्ने हाम्रो मनले देख्छ । तर यो भन्न सक्दैनौ कि ग्रहहरूको स्पष्ट गति स्थिति ल्याउने उच्च स्थिति सम्ममा ज्योतिषज्ञान क्रमशः कसरी आयो, प्राचीनकाल-मा मानिसले वेध कसरी गरे, प्रत्येक वेधको सुक्ष्म निरी-क्षण गरी उनीहरूले गतिमान कुन तरहले निश्चित गरे । ज्योतिषको प्राचीन सिद्धान्त ग्रन्थमा यो ज्ञान एकाएक अत्यन्त उच्च स्थितिमा पुगेको देखा पर्दछ । यो जसले पुऱ्यायो त्यसलाई अलौकिक मान्नु कर लाग्छ । त्यसैले ग्रहगणितको अत्यन्त प्राचीन अपौरूषेय मानिन्छ । अलौकिक मान्नाको कारण त्यस ग्रन्थमा वेधादिको वर्णन नहुनु हो । त्यसको एक अर्को प्रवल कारण यो पनि हुन सक्छ कि त्यस समय जहां सम्म हुन सक्छ तिनीहरू संक्षिप्त ग्रन्थ नै लेख्नमा प्रयत्न गर्दथे किनभने यसो गर्दा ग्रन्थ कन्ठ गर्न सजिलो हुन्थ्यो । त्यसैले गणित ग्रन्थमा केवल ग्रहगतिको सिद्धान्त मात्र लेखी ग्रन्थ ठूलो हुने भयले उनीहरूले सिद्धान्तको उपपत्ति नदिएको हुन सक्छ ।

विस्तार विस्तार ज्योतिषशास्त्रको उन्नति हुंदै गयो र गुप्तकालमा ज्योतिषका प्रकाण्ड विद्वान् आर्यभटले आर्यभटीय ज्योतिष ग्रन्थको निर्माण गरे । यी आर्यभटको जन्म सन् ४७६ वि. सं. ५३३ मानेको छ । त्यसको सिद्धान्तलाई आर्यभट सिद्धान्त भन्दछन् । यी आर्यभटले दशगीतिकाको आरम्भमा निम्न लिखित मङ्गलाचरण लेखेका छन्:

प्रणिपत्यैकमनेकं कं सत्यां देवतां परं ब्रह्म ।

आर्यभट स्त्रीणि गदति गणितं कालक्रियां गोलम् ।।

(एक तथा अनेक स्वरूप परब्रह्मलाई सत्य स्वरूप देवतालाई पितामहलाई ढोगेर आर्यभटले गणित, कालक्रिया र गोलविद्या गरी तीन कुरा वताउँछन् ।)

यहाँ (क) अक्षरद्वारा पितामहलाई वन्दना गरेको छ । त्यस कारण आर्यभट भन्दा पितामहसिद्धान्त प्राचीन भन्ने सिद्ध हुन्छ । वि. सं. ६८५ मा ब्रह्मगुप्तले ब्रह्मस्फुट सिद्धान्त ग्रन्थको निर्माण गरे । तिनले प्राचीन ग्रन्थ संशोधन गरेको कुरा आफ्नो ग्रन्थमा यसरी लेखेका छन् । जस्तै–

ब्रह्मोक्तं ग्रहगणितं महता कालेन यत् खिलीभूतम् ।
अभिधीयते स्फुटं तत् जिष्णुसुतब्रह्मगुप्तेन ।।२।।
(अध्ययन १)

(धेरै काम वितेको हुनाले जुन ब्रह्मोक्तले ग्रह-गणित (ब्रह्मसिद्धान्त) शिथिल भयो, त्यो कुरा जिष्णु-गुप्तका छोरा ब्रह्मगुप्तले स्पष्ट गरी बताउँछन् ।)

यी ब्रह्मगुप्तले आर्यभटको ग्रन्थमा पनि संशोधन गरेको कुरो आफ्नो उक्त ग्रन्थमा उल्लेख गरेका छन् । जस्तै–

पौलिशरोमकवाशिष्ठसौरपैतामहेषु यत्प्रोक्तम् ।
तन्नक्षत्रनयनं नार्यभटोक्तं तदुक्तिरतः ।।४६।।
(अध्याय १४)

(पौलिश, रोमक, वाशिष्ठ, सौर, पैतामह (सिद्धान्त) मा वताइएको नक्षत्रानयन आर्यभटले लेखेनन् । यसकारण त्यसलाई म लेख्दछु)

यसरी पछिका विद्वान्हरूले प्राचीन ग्रन्थमा संशोधन गर्दै आफ्नो सिद्धान्त प्रतिपादन गरेका छन् । वेदाङ्ग ज्योतिषमा भौमादिग्रहका गणित छैन । तर ब्रह्मगुप्तको कथन अनुसार पितामह सिद्धान्तमा त्यसको अस्तित्व सिद्ध हुन्छ । यस कारण वेदाङ्ग ज्योतिषको केही काल पछि त्यो भन्दा शुद्ध पितामह सिद्धान्त बनेको हुनुपर्छ भन्ने सिद्ध छ र महत्व पनि छ । यदि पितामह सिद्धान्तोक्त भौमादिग्रहको गणित ज्ञान नहुंदो हो ता भारतीय ज्योतिष शास्त्रको वृद्धि क्रमशः कसरी भयो । यस कुराको जान-कारी त्यसको सहायताबाट हुन्थ्यो भन्ने हुन्छ तर अहिले त्यो पितामहसिद्धान्तको मूलप्रति पाउन सम्भव छैन ।

पछिका ब्रह्मसिद्धान्त पनि तीन थरी पाइन्छन्; एउटा ब्रह्मगुप्तको सिद्धान्त, अर्को शाकल्योक्त ब्रह्मसिद्धान्त र विष्णु धर्मोत्तर पुराणान्तर्गत ब्रह्म सिद्धान्त । ब्रह्मगुप्तले आकाश-को ग्रहस्थितिलाई हेरी प्राचीन ब्रह्मसिद्धान्तमा फरक पर्न आएको कुरा संशोधन गरेका छन् । प्राचीन ब्रह्मसिद्धान्त त्यस प्राचीनकालमा शुद्ध थियो । ब्रह्मगुप्तका पालामा आएर त्यो प्राचीन ब्रह्मसिद्धान्त संशोधन गर्नु पर्ने देखियो । कारण ग्रह आफ्नो नियतस्थानबाट चाल नपाउने किसिम-ले खिस्कंदै खिस्कंदै पछिल्तिर हटिरहेको छ । त्यो कुरा धेरै काल वितेपछि मात्र थाहा पाइन्छ । जस्तै हामी घण्टाको सुइ चाल नपाउने गरी सरेको देख्दछौं । आधुनिक व्यवहारका लागि प्राचीन सिद्धान्त अशुद्ध हुन गए तापनि प्राचीन इतिहास निर्णय गर्नाका लागि प्राचीन सिद्धान्तानुसारको गणना महत्व छ भनी ज्योतिषका प्रकाण्ड विद्वान् केतकरवेङ्कटेशले आफ्नो सौरार्यब्राह्म-पक्षीय तिथि गणितं नामक ग्रन्थमा यसरी बोलेका छन् । जस्तै–

प्राचीन करणानि तत्तद्देशकालावच्छिन्नकल्पनया पूर्वं सूक्ष्माण्येवासन् ।

तेभ्यः साधितानि यानि पंचांगानि तान्यनुसृत्या-स्मत्पूर्वजैर्धर्मकर्माणि समाचरितानि । राज कारणादि-प्रसंगमधिकृत्य ताम्रपट्टादिकेषु लेखाः समुत्कीर्णा शिलासु विविधप्रसंगाननुसृत्य विविध वृत्तान्ता निक्षिप्ताः । वहुविधाः शकावल्याश्च विलिखिता इदानीमुपलभ्यन्ते । तस्मात्तानि करणानि यद्यप्यधुना स्थूलानि तथाप्युपे-क्षणां नैवार्हन्ति तानि सर्वाण्यस्माकमादरणीयान्येव

भवन्ति । तेषामुपयोगस्तु विशेषत ऐतिहासिकदृष्ट्या महत्वं चपपूर्वमेव भवतीति दर्शयामः ।।"

प्राचीन करण ग्रन्थहरू तत्तदेश र कामले विभाजित भएको विचारले उहिलें सूक्ष्मै थिए । तिनीहरूबाट साधन गरिएका जुन पंचाङ्ग छन् तिनलाई अनुसरण गरेर हाम्रा पूर्वजहरूले धर्मकर्म गरेथे । राजकारणादि प्रसंगलाई लिएर ताम्रपत्रादिमा लेख कुंदिए, शिलामा विविध प्रसंगलाई लिएर विविध कुरा लेखिए । धेरै किसिमका संवत्हरू लेखिएका अहिले पाइन्छन् । त्यसकारण ती करणग्रन्थहरू हुन त स्थूल छन् तापनि तिनलाई उपेक्षा गर्न हुन्न । ती सवै हाम्रा निमित्त आदरणीयै छन् । तिनीहरूको उपयोग विशेष गरी ऐतिह्यासिक दृष्टिले महत्व एवं अपूर्व नै छन् भनी देखाउंछौं ।)

आधुनिक सिद्धान्त पनि धेरै काल वितेपछि संशोधन गर्नु पर्ने हुन्छ भनी गणेश दैवज्ञले यसरी बोलेका छन् । जस्तै–

कथमपि यदिदंचेत् भूरिकाले श्लथंस्यात्
मुहुरपि परिलक्ष्यंदुग्रहादृक्षयोगात्
सदमलगुरूतुल्यप्राप्तबोधप्रकाशैः
कथितसदुपपत्त्या शुद्धिकेन्द्रै प्रचाल्ये ।।इति ।

(यदि धेरै काल पछि यो केही न केही फरक खाएमा नछत्रयुक्त भएको चंद ग्रहबाट फेरि वेध गरी असल सफा गुरूतुल्य प्राप्त ज्ञानरूपी प्रकाशले वताइएको असल उपपत्तिले शुद्धि र केन्द्र चालनु ।)

त्यसैले प्राचीन कालको तिथि मिति निर्णय गर्नुपर्दा जुन कालमा जुन पक्षबाट गणित मिल्न आउँछ त्यही पक्षबाट तिथ्यादि निर्णय गर्नुपर्छ भनी केतकरले आफ्नो वैजयन्ती नाम पंचाङ्गगणित भन्ने पुस्तकमा शास्त्रवचन यसरी उद्धरण गरेका छन् । जस्तै–

यस्मिन्पक्षे यत्रकाले येन दृग्गणितैक्यकम् ।
दृश्यते तेन पक्षेण कुर्यातिथ्यादि निर्णयम् ।।वशिष्ठ।।

यस्मिन् काले यत्पक्षानीतो ग्रह आकाशे दृग्योग्यस्तस्मिन् काले तत्पक्षस्य तद्विषये प्रामाण्यप्रतिपादनात् । अत एव यदा ग्रह आकाशे न संवदति तदैव तत्पक्षस्याप्रामाण्यै बीजदानेन तदापि तस्य प्रामाण्यमिति सर्वाभ्युपगमः ।। इति सिद्धान्त शिरोमणि मरीचौ

(जुन वखतमा जुन पक्षमा जुन गणित मिल्दछ त्यही पक्षले तिथ्यादि निर्णय गर्नु भन्ने वशिष्ठको भनाइ छ । जुन समयमा जुन पक्षबाट ल्याएको ग्रह आकाशमा मेल खाएको देखिन्छ त्यस विषयमा त्यो पक्षको प्रामाणिक प्रतिपादन गरिएको हुन्छ । त्यसैले जुन वखतमा ग्रह आकाशमा मेल नखाने हुन्छ त्यस वखत त्यो पक्ष अप्रामाणिक हुन्छ । बीज संस्कार गरेर संशोधन भएपछि भने त्यस वेलामा पनि त्यसको प्रामाणिक हुन्छ भन्ने सवैको राय छ । त्यो कुरो सिद्धान्त शिरोमणिको मरीचीटीकामा वताएको छ ।)

त्यसकारण केतकरले प्राचीन कालका अभिलेखमा उल्लिखित तिथि मिति निर्णय गर्न सजिलो होस् भन्ना निमित्त प्राचीन सिद्धान्त ग्रन्थहरू हेरी त्यसको महत्व दर्शाउँदै सौरार्यब्राह्मपक्षीयतिथि गणितम् भन्ने आफ्नो करणग्रन्थमा तीन किसिमका सिद्धान्तका गणित उदाहरण सहित दिएका छन् । गणित गर्दा अर्धाधिकेरूपं ग्राह्यम् अर्धाल्पेरूपं त्याज्यम् भन्ने प्राचीन परम्परा छ भन्नाको मतलव शेष अंक भाजकको आधा भन्दा वढी भएमा लब्धि एक लिने यदि शेष अंक भाजकको आधा भन्दा कम भएमा शेषलाई छोड्ने पुरानो चलन हो ।

धेरै अंक लिएर हिसाब गर्दा सूक्ष्म आउने तथा थोरै अंक लिएर हिसाव गर्दा स्थूल आउने हुन्छ । तीन किसिमका सिद्धान्त गणित पनि कुनै स्थूल कुनै सूक्ष्म छन् । स्थूल तथा सूक्ष्म भएका उक्त तीन किसिमका सिद्धान्तबाट गणित गर्दा तिथि मितिको दिनै फरक पर्ने चाहिं होइन, केवल घडी पला फरक पर्न आउंछन् । सूर्य सिद्धान्त अनुसार गणना र ब्रह्मसिद्धान्त

अनुसार गणनामा केवल घडी पला मात्र फरक परेको कुरा मेरो लिच्छवी संवत्को निष्कर्ष नामक पुस्तकको १५–१६ पृष्ठमा दिइएको छ । यसरी घडी पला फरक पर्नाको कारण चन्द्र सूर्य फरक पर्नाले भएको हो । जब सूर्य फरक परेपछि संक्रान्तिमा चाहिं फरक पर्न जानु स्वाभाविक छ ।

जुन दिन सूर्यले मीनराशि पूरा भोग गर्छन् त्यस दिन सूर्यको राश्यादि ०।०।०।० हुन्छ र मेष संक्रान्तिको आरम्भ हुन्छ । जुन दिन सूर्यको राश्यादि १।०।०।० हुन्छ त्यस दिन वृष संक्रान्तिको आरम्भ हुन्छ त्यही अनुसार प्रकाशित पात्रोमा संक्रान्ति लेखिएको हुन्छ । एक औंसी देखि अर्को औंसी भित्र संक्रान्ति परेसम्म अधिमास पर्दैन । जव एक औंसी देखि अर्को औंसी भित्र संक्रान्ति पर्न गएन भने तव त्यो महीना अधिक मास हुन्छ । जस्तै वि. सं. २०३४ शुद्ध आषाढ कृष्ण चतुर्दशीमा संक्रान्ति भई त्यस पछि औंशी भयो । त्यस औंसी देखि अर्को औंसी भित्र संक्रान्ति पर्न गएको छैन किनभने अधिक आषाढ कृष्ण औंसीको समाप्ति घडी २० भई संक्रान्तिको प्रारम्भ घडी ३३ हुन गएको छ । त्यसैले आषाढमा अधिमास भयो । ब्रह्मसिद्धान्त र सूर्यसिद्धान्तमा संक्रान्ति फरक पर्ने हुंदा अधिमास पनि फरक परेको कुरा लिच्छवी संवत्को निष्कर्ष २७ पृष्ठमा दिइएको छ ।

श्री केरो लक्ष्मण छत्रेले शकसंवत् १ देखि शक २१०५ सम्मको अधिमास गणना गरी अधिमास पर्ने शक संवत् र अधिमास पर्ने महीनाको तालिका दिएका छन् । सो अधिमास तालिका सूर्य सिद्धान्त अनुसार मिल्दछ । सो तालिका केतकरको सौरार्य ब्राह्मपक्षीय तिथि गणित भन्ने पुस्तकको अन्त्यमा दिइएको छ । सो अधिमास-तालिका दिनाको कारण प्राचीन अधिमास निर्णय गर्न दिइएको हो ।

अंशुवर्माका पालादेखिका लिच्छवी लिपिका अभिलेख-मा प्राप्त संवत्का वारेमा विभिन्न मत मतान्तर छन् । एक थरी नेपाली इतिहासकारले शक ४९८ वि. सं. ६३३ मा द्वितीय मान देव भए ; तिनैले चलाएको मानदेव संवत् हो भनी मानेका छन् । त्यसको आधार सुमतितन्त्रमा उल्लिखित मानदेव संवत्लाई दिइएको छ । मानदेव संवत् उल्लिखित लिपिको तुलना लिच्छवी संवत्को निष्कर्ष २८–३० पृष्ठमा तस्वीर सहित दिइएको छ । मानदेव उल्लिखित अक्षर कच्चामसी हुनाले अक्षर उडेको तस्वीरमा स्पष्ट छ । लिच्छवी अभिलेखहरूबाट उक्त द्वितिय मानदेव पुष्टि नभएको कुरा वि. सं. २०३१ वर्ष ४ अंक २ को प्रज्ञापत्रिकामा प्रकाशित लिच्छवी संवत् र नेपाल संवत्को बीचका लिच्छवी वंशहरूको विवेचना भन्ने निबन्धमा दिइएको छ ।


सुमतितन्त्रमा मानदेव संवत्बाट गणना गरी उदाहरण दिइएको छैन । विभिन्न संवत्हरूको सिलसिलामा शक-राज्याब्द ४९८ मानदेव राज्याब्द ३०४ भनी दिइऐको छ । यस कथनबाट शकवर्ष ४९८ पूरा भई मानदेवको राज्यवर्ष आरम्भ भएको भन्ने ध्वनि बुझिन्छ । त्यसकारण मानदेव संवत् चैत्रादि वर्ष रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । किन-भने शक संवत् चैत्रादि वर्ष हो ।

चागुनारायणको गरूडको पादपीठमा रहेको अंशु-वर्माको सुवर्ण पत्रमा संवत् ३१ माघशुक्ल त्रयोदशी पुष्पनक्षत्र आइतवार भनी तिथि मिति उल्लेख भएको छ । अंशुवर्माको संवत् ३१ को भक्तपुरको अभिलेखमा पौषमा अधिमास परेको होइन तर अधिमास मानेको छ । वर्षको पूर्वार्धमा अधिमास परे आषाढमा अधिमास मान्ने वर्षको उत्तरार्धमा अधिमास परे पौषमा अधिमास मान्ने प्राचीन परिपाटी छ । त्यस परिपाटी लिच्छवी संवत्को निष्कर्ष १०–११ पृष्टमा दिइएको छ । प्राचीन कालमा अधिमासलाई स्थिर मान्ने चलन छ । लिपियर वर्षमा फरवरी महिनाको एक दिन वढाउने भने जस्तै त्यो चलन हो ।

अंशुवर्माको सुवर्णपत्रको संवत् ३१ लाई मानदेव संवत् मान्दा त्यस वेला ४९८+३१=५२९ शक हुन्छ । चैत्रादि वर्षबाट शक ५२९ को वर्षमा अधिमास पर्दैन । अधि-मास नपरिकन अधिमास जोडी हिसाव गर्नु गणित विरूद्ध कुरा हुनाले अधिमास नजोडेर संवत् ३१ (५२९ शक) वाट गणना गर्दा सुबर्ण पत्रको मिति शुक्रवार आउने कुरा सत्य छ ।

अंशुवर्माको संवत् कार्तिकादि हो भन्ने कुरा मैले पत्ता लगाएको हुं । श्रीकेरो लक्ष्मण छत्रेको अधिमास तालिकामा

शक संवत् ५०५ भाद्रमा अधिमास परेको छ। ब्रह्मसिद्धान्तको संक्रान्तिबाट त्यो अधिमासलाई घच्याटेर त्यस वर्षको अन्त्यमा पुर्याईदिएकोले शक वर्षको आरम्भमा अधिमास पर्न गयो। तर कार्तिकादि वर्षबाट शक ५०५-५०६ एउटै वर्ष हुन्छ। वि. सं. २०३४ भित्र इस्वी १९७७–१९७८ पर्छ भने जस्तै कुरा हो। शक ५०६ चैत्रकृष्ण औंसी शुक्रवारको घडी ५३।७ मा पर्छ त्यस दिनको सूर्य राश्यादि ०।०।२।२४ भएको हुंदा औंसीको समाप्ति हुनु भन्दा अघि संक्रान्ति पर्ने भयो। शक संवत् ५०६ वैशाख कृष्ण औंसी आइतवारको घडी १७।४४ मा पर्छ। त्यस दिनको सूर्य राश्यादि ०।२८।१४। २४ भएको हुंदा सोमवार संक्रान्ति पर्ने भयो। यसरी अधिमासको अनुसन्धान गरी संवत् पत्तालगाईएको कुरा तथा अंशुवर्माको समयको शक ५०४ लेखेको र सवत् ५२६ को अन्तर २२ वर्ष अंशुवर्मा भन्दा अघिको लिच्छवी अभिलेखका संवत्मा घटाउंदा केरोलक्ष्मण छत्रेले दिएको अधिमासतालिका बर्ष संग मिलेको कुरा लिच्छवी संवत्को निष्कर्षमा दिइएको छ। यो सैद्धान्तिक एक निष्कर्ष हो।



संवत्को विषय उल्लिखित मठको सुमतितन्त्रको दोस्रो पत्र र अन्तिम पत्र

## संवत् प्रकरण उल्लिखित सुमतितन्त्रको पत्रको पाठ

दोस्रो पत्रको दोस्रो पृष्ठ–

१ एवङ्कालन्चरणापि व्रह्मणः प्रलयम्भवेत् । इहास्मि सम्प्रवर्त्तते काल वक्ष्यामि तत्वतः । व्राह्मणस्याष्ठवर्षन्वाम................

२ वर्त्तञ्चतुर्भिस्तुकृताधिकं । यातास्त्रयो युगानाञ्च कृततेत्राञ्च द्वापरं । भविष्यं संप्रबक्ष्यामि कलिकञ्च यथाक्रमं । जातो दुर्योधनोराजा कलि..........

३ प्रवर्त्तते । युधिष्ठिरो महाराजो दुर्योधनस्तयोः पिवा । उभौ राजौ सहस्रे द्वे वर्षन्तु सम्प्रवर्तति । नन्दराज्यं शताष्टञ्चश्चन्द्रगुप्तस्ततो परे

४ राज्यङ्करोति तेनापि द्वात्रिंशत्त्रिकं शतन् । राजा शूद्रकदेवश्च वर्षसप्ताब्धिचाश्विनौ । शकराजा ततोपश्चाद्वसुरन्ध्रकृतन्तथा । इत्येते (लि)

५ षितम्महा ज्ञेया राजा क्रमेण तु मध्यमासं प्रवक्ष्यामि नवस्थान यथा क्रमम् । राशिभागकलाश्चैव विकला प्राणमेवच । तत्परो वित्परं

६ श्चैव वंरेणुश्चैव विरेणुक्रम् । नवस्थानानि एतानि षष्ठिषष्ठ्युपलक्षयेत् । विरेणु षष्ठिभि रेणु रेणुषष्ठि वितत्परा । वितत्पराश्च षष्ठिश्च

कृत अम्बराग्नि ......... मानदेवाब्द प्रयुज्यमाना एतानि पिण्ड

अन्तिम पत्रको दोस्रो पत्र–

१ अद्यः वाराहकल्पे वैवश्वतमन्वन्तरे । कलौ युगे भरतखण्डे जाम्वूदीपे । हिमवन्तपार्श्वे आर्यावर्तदेशे पुण्यभूमौ । वागमतीदक्षिणकुले वाश्वकीक्षेत्रे पशुपति स (न्निधा)

२ ने श्रीमच्छ्री नेपालपत्तने ।। शुभमस्तु सर्व्वजगताः ।। २ नेपालान्दशरच्छिद्र वेदं पौषा शितापक्ष त्रिदशै तिथौ यं २ माराध्यमारम्भमादिवारं नैऋत्य

३ [redacted] योगे ध्रुवंवरं ।। १ शुभ ।। युधिस्थिर दुर्जोधन उभो राज्याब्द २००० नन्दराज्याव्द ८०० चन्द्रगुप्तराज्याब्द १३२ सुद्रकदेवराज्याब्द २४७

४ शकराज्याव्द ४९८ मानन्देवस्य राज्याव्द ३०४ शुभ ।।मस्तुशुभ।।

(श्री ३ महाराज भीम सम्सेर)

१९८६

......... ला... शिश्रध्या भूरेक समूह संयुतञ्जात सप्तभाग कृतासेषाशितागुण नव षष्ठ स्वादाद्रिरूप......

यहां अघिल्लो पत्रमा उल्लिखित "कृत अम्वराग्नि" मानदेवाब्द प्रयुज्य माना एतानि पिण्ड भन्ने" वाक्यांश र पछिल्लो पत्रमा उल्लिखित "शुभमस्तु सर्व्वजगता" भन्ने वाक्यांशको पछि लेखिएको लिपि एउटै मानिसको हो। त्यो लिपि वि. सं. १४३१ को हो ।

मसी तथा लिपिको तुलनाबाट पछि थपेको भन्ने स्पष्ट छ । शक ८०२ मा नेपाल संवत् आरम्भ भएको थाहा हुनाले त्यसमा शक राज्याब्द ४९८ घटाई मानदेवराज्याब्द ३०४ भनी नेपालसंवत्संग गाँस्नानिमित्त अड्कलेको ठहर्छ । निज व्यक्तिले विक्रमादित्यको कथा सुने जस्तै मानदेवको कथा सुनेको रहेछ भन्ने थाहा हुन्छ । शक ४९८ हुँदा सुमतितन्त्र निर्माण भएको भन्ने जनाउँछ । सुमतितन्त्रको वास्तविक मूल त्यो होइन भन्ने कुरा लिपिले बताउँछ । किन भने यो दोस्रो पटक सारेको लिपि हो ।